का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ असोज २०८०,
सोमबार
2 October 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २१, अंक २४९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पशुपतिको जलहरीमा अनियमितता पुष्टि

तत्कालीन प्रधानमन्त्री केपी ओलीले पशुपतिमा सुनको जलहरी राख्ने निर्णय गरेपछि अर्थ मन्त्रालयले ३० करोड रुपैयाँ निकासा गरेको थियो भने कोषले नेपाल राष्ट्र बैंकसँग १०३ किलो ७७३ दशमलव १ ग्राम सुन किनेको थियो ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १४ असोज

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पशुपतिनाथ मन्दिरको सुनको जलहरीमा घोटाला भएको निष्कर्ष निकालेको छ । सोही निष्कर्षका आधारमा अख्तियारले आइतबार तीन जनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ ।

अख्तियारले पशुपति विकास कोषका सञ्चालक परिषद्का तत्कालीन सदस्य( सचिव डा। प्रदीप ढकाल, बहालवाला कोषाध्यक्ष डा। मिलनकुमार थापा र स्टोरकिपर अरुणकुमार श्रेष्ठविरुद्ध आइतबार मुद्दा दायर गरेको हो ।

अख्तियारले ढकाल र थापाविरुद्ध एक करोड १७ लाख एक हजार बिगो माग दाबीसहित भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गतको मुद्दा चलाएको हो । श्रेष्ठमाथि एक करोड १७ लाख १ हजार माग दाबीसहित भ्रष्टाचार मुद्दा चलाइएको छ । तत्कालीन कोषाध्यक्ष थापा हाल पशुपति क्षेत्र विकास कोषका सदस्य-सचिव छन् । ढकाल र थापाको प्रत्यक्ष भूमिकामा सुन हिनामिना भएको अभियोगपत्रमा उल्लेख छ । उनीहरुले एक किलो ४९१ ग्राम सुन हिनामिना गरेको अख्तियारको ठहर छ । जुन एक करोड १७ लाख एक हजार ७८१ रुपैयाँ ८५ पैसा मूल्यबराबरको सुन हो ।



**प्रदीप ढकाल**
**पूर्वसदस्य सचिव**



**मिलनकुमार थापा**
**सदस्य सचिव**

श्रेष्ठले आफूलाई दिएको जिम्मेवारी लापरबाही र बेवास्ता गरी जलहरीमा प्रयोग भएको चाँदी तथा तामा परिमाणमा फरक पारेर सुन हिनामिना, हानि(नोक्सानी र दुरुपयोग गरेको अख्तियारको ठहर छ । जलहरीमा एक सय एक दशमदव ०४ किलोग्राम मात्र सुन प्रयोग भएको अभियोग पत्रमा उल्लेख छ ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीले पशुपतिमा सुनको जलहरी राख्न निर्णय गरेपछि अर्थ मन्त्रालयले ३० करोड रुपैयाँ निकासा गरेको थियो भने कोषले नेपाल राष्ट्र बैंकसँग १०३ किलो ७७३ दशमलव १ ग्राम सुन किनेको थियो । २०७७ साल फागुनमा पशुपतिको >>> पृष्ठ २ मा

## जाँचबुझ आयोग गठन, व्यक्तिको संलग्नता खोज्ने

आयोगलाई तीन महिनाको कार्यावधि दिइएको छ। कार्यादेशअनुसार आयोगले सुन पैठारी, तस्करी नियन्त्रण गर्न सुझावसहितको प्रतिवेदन दिनेछ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असोज

सुन तस्करीको विषयमा छानबिन गरी सुझाव सहितको प्रतिवेदन बुझाउने गरी ४ सदस्यीय जाँचबुझ आयोग गठन भएको छ ।

**सुन तस्करी प्रकरण**

आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले गृह मन्त्रालयको प्रस्तावमा उच्च अदालतका पूर्व न्यायाधीश डिल्लीराम आचार्यको नेतृत्वमा चार सदस्यीय छानबिन आयोग बनाउने निर्णय गरेको सरकारकी प्रवक्ता मन्त्री रेखा शर्माले जानकारी दिइन्। आचार्य संयोजकत्वको चार सदस्यीय टोलीमा अर्थ मन्त्रालयका किशोरजंग कार्की र गृह मन्त्रालयका प्रेमराज जोशी र पूर्वएआईजी सहकुल थापा रहेको जाँचबुझ आयोग गठन गरेको जानकारी दिइन् । आयोगलाई तीन महिनाको >>> पृष्ठ २ मा

# संसदमा विद्यालय शिक्षा विधेयक

अब अर्को कुनै बैठकमा विधेयकमाथि विचार गरियो भन्ने प्रस्ताव प्रस्तुत हुनेछ । उक्त छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा सभामै छलफल हुनेछ । त्यसपछि सांसदहरुलाई संशोधनका लागि ७२ घण्टाको समय दिइन्छ ।



शिक्षकलाई राजनीतिबाट टाढा राख्नुपर्छ । मान्छेको व्यक्तिगत आस्था आफ्नो ठाउँमा छ । आस्थाका कारण पठन पाठनलाई प्रभावित पार्नुहुँदैन, शिक्षाको गुणस्तरलाई प्रभाव पार्नुहुँदैन । उहाँहरुले कसैको सदस्यता लिएर, कसैका विरुद्ध, कसैका लागि भोट माग्ने काम गर्न हुँदैन भन्ने राखिएको छ ।

**अशोक राई**
**शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री**



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ असोज

विद्यालय शिक्षा विधेयक २०८० प्रतिनिधि सभामा पेश भएको छ । आइतबार बसेको प्रतिनिधि सभाको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले विधेयक सभामा पेश गरेका हुन् ।

गत भदौ २७ गते मन्त्री राइले नै प्रतिनिधि सभामा यो विधेयक दर्ता गरेका थिए । विधेयकलाई लिएर शिक्षकहरुले काठमाडौं केन्द्रित आन्दोलन समेत गरेका थिए । शिक्षकहरुको मागलाई संसदीय प्रक्रियामार्फत सम्बोधन गर्ने सहमति सरकारले गरिसकेको छ ।

विधेयक पेश गर्नु अगाडि नेपाल मजदुर सिकान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले विरोधको सूचना दर्ता गरेका थिए । उनले विद्यालय शिक्षा विधेयकका जिल्ला शिक्षा कार्यालय ब्युताउने प्रस्ताव राखिएको भन्दै प्रतिगमनको संज्ञा दिएका थिए ।

संविधानले स्थानीय सरकार मातहत आधारभूत र माध्यमिक शिक्षा रहने भनेको तर जिल्ला शिक्षा कार्यालय राखेर संघले नै नियन्त्रण गर्न खोजेको भनी सुवालले विरोध गरेका थिए । >>> पृष्ठ २ मा

## ‘अब शिक्षक राजनीतिबाट टाढा रहन्छन्’

विद्यालय शिक्षा विधेयकमार्फत शिक्षकलाई राजनीतिबाट टाढा राख्न खोजेको बताउँछन् शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राई ।

प्रतिनिधिसभा बैठकमा उक्त विधेयकबारे धारणा राख्दै मन्त्री राईले शिक्षकको पेशागत हकहितका लागि संगठित हुन शिक्षक महासंघको व्यवस्था विधेयकमा गरिएको तर कुनै दलमा आवद्ध हुन नपाउने जानकारी दिए ।

‘शिक्षकलाई राजनीतिबाट टाढा राख्नुपर्छ । मान्छेको व्यक्तिगत आस्था आफ्नो ठाउँमा छ । आस्थाका कारण पठन पाठनलाई प्रभावित पार्नुहुँदैन, शिक्षाको गुणस्तरलाई प्रभाव पार्नुहुदैन । उहाँहरुले कसैको सदस्यता लिएर, कसैका विरुद्ध, कसैका लागि भोट माग्ने काम गर्न हुँदैन भन्ने राखिएको छ’, शिक्षामन्त्री राईले भने ।

शिक्षामा योग्य व्यक्तिलाई ल्याउन राम्रो सेवा सुविधा दिनुर्पयो भन्ने विषयमा पनि संसदीय प्रक्रियामा विधेयकमा समावेश गर्न सकिने मन्त्री राईले बताए ।

विधेयकमा मातृभाषामा शिक्षा प्राप्त गर्ने, परम्परागत शिक्षालाई व्यवस्थित गर्ने लगायतका विषय पनि रहेको उनले बताए । शिक्षा विधेयक संसदमा पेश भएपछि यसमा संशोधन र परिमार्जनका प्रस्ताव र दफाबार छलफलबाट अझै समृद्ध बनाउन सकिने पनि मन्त्री राईको भनाइ छ ।

## वैदेशिक रोजगार विशेष



# महानिर्देशक र व्यवसायीसहितको टोली साउदी र यूएई जाँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असोज

साउदी अरेबियाको रोजगारीमा समस्या देखिएपछि सरकारी कर्मचारी र वैदेशिक रोजगार व्यवसायीको एक टोली अध्ययन भ्रमणमा जाने भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका एक सहसचिवको नेतृत्वमा जाने टोलीमा वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दहाल, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी र महासचिव मेघनाथ भुर्तेललगायत रहने बताइएको छ । दशैं अगाडि फर्किने गरी टोली अक्टोबर ११ तारिखमा साउदी जाने तयारीमा लागेको छ ।

साउदी अरेबिया अदक्ष नेपाली कामदारको प्रमुख श्रम गन्तव्य हो । तर नेपालले श्रम सम्झौता बिना कामदार पठाउँदा उनीहरू समस्यामा पर्ने गरेका छन् । उक्त मुलुकमा निर्माण मजदुरको क्षेत्रमा ठूलो संख्यामा नेपाली कामदार रहेका छन् ।

पछिल्लो पटक सप्लाई कम्पनीमा जाने कामदारको समस्या गम्भीर बनेको छ । साउदी अरेबियामा सप्लाई अन्तर्गत लेवर र क्लिनर भिसामा जाने नेपाली कामदार बढी समस्यामा पर्ने गरेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । रोजगारदाताले उनीहरूलाई समयमा अकमा नबनाइदिने प्रवृत्ति व्यापकरूपमा रहेको छ ।

साउदी अरेबियामा सप्लाई कम्पनीमा गएका धेरै नेपाली कामदार समस्यामा परेपछि वैदेशिक रोजगार विभागले नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग छलफल गर्दा विभागका महानिर्देशक दहालले तत्कालका लागि सप्लाई कम्पनीको श्रम स्वीकृति रोक्नुपर्ने धारणा राखेका थिए । तर संघको आग्रहमा सप्लाई कम्पनीको समस्यालाई समाधान गर्न यस्ता कम्पनीहरूमा नेपाली कामदारको मागपत्र प्रमाणीकरण गर्नुअघि रोजगारदाता कम्पनीले कुन सप्लाई कम्पनीमा काममा लगाउने हो त्यसको विस्तृत विवरण मागपत्रसँगै अनिवार्य पेश गर्ने विकल्पमा समस्याको अल्पकालीन समाधान निकालिएको थियो ।

साउदी अरेबियास्थित नेपाली दूतावासले पनि सप्लाई कम्पनीमा जानु अगाडि नै कस्तो कम्पनीमा जाँदैछु भन्नेमा कामदार प्रष्ट हुनुपर्ने बताएको छ । दूतावासले सप्लाई पनि बहुतहसम्मको हुने भएकाले अधिकांश सप्लाई कम्पनीमा पारिश्रमिक तथा अतिरिक्त समयको सुविधा न्यून हुने गरेका कारणले समस्या आइरहेको बताएको छ ।

नेपाली टोलीले सप्लाई कम्पनीलगायत साउदी अरेबियाको रोजगारीका सबै क्षेत्रमा देखिने समस्याको समाधान खोज्ने बताइएको छ । व्यवसायीसहितको श्रम मन्त्रालयको टाली साउदी अरेबिया गएर स्वदेश फर्किंदा यूएई पनि पुग्ने योजनामा रहेको बताइएको छ ।

# नेपालप्रति चिनियाँ सद्भाव बढेको दाबी

व्यापार, लगानी तथा जनस्तरको सम्बन्ध विस्तारमा द्विपक्षीय सहयोग र सहकार्यलाई तीव्रता दिने र नेपाल र नेपाली जनताप्रति चिनियाँ नेताहरुको सद्भावमा अभिवृद्धि भएको प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ असोज

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चीनको भ्रमणले विगत चार वर्षदेखिको नेतृत्व तहबाट एक अर्को मुलुकमा भ्रमण नभएको स्थितिको अन्त्य गरेको बताएका छन् ।

संयुक्त राष्ट्र संघको महासभामा आफ्नो सहभागिता र चीन भ्रमणबारे आइतबार प्रतिनिधि सभालाई जानकारी गराउँदै प्रधानमन्त्री प्रचण्ड यस्तो बताएका हुन् ।

‘उच्चस्तरमा भएको दिपक्षीय वार्ताबाट छिमेकीहरुका संवेदनशील विषयहरुमा नेपालले पालना गर्दै आएको नीतिको पुनर्पुष्टि भएको छ, राजनीतिक तहमा विश्वासको वातावरण बनेको छ’ प्रधानमन्त्री प्रचण्डले भनेका छन् ।


व्यापार, लगानी तथा जनस्तरको सम्बन्ध विस्तारमा दिपक्षीय सहयोग र सहकार्यलाई तिब्रता दिने र नेपाल र नेपाली जनताप्रति चिनियाँ नेताहरुको सद्भावमा >>> पृष्ठ २ मा

## सांसदहरुको मिश्रित प्रतिक्रिया



प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा नेपालको राष्ट्रिय स्वाभिमानलाई जोगाउँदै सोही आधारमा छलफल हुन सकेको छ ।

**रमेश लेखक**
**प्रमुख सचेतक, कांग्रेस**



प्रधानमन्त्रीको चिन भ्रमणका क्रममा उल्लेखनीय कुनै सहमति हुन सकेको छैन र पुराना सहमतिहरु पनि कार्यान्वयन हुन सकेको छैन ।

**रघुजी पन्त**
**सांसद, एमाले**

प्रचण्डको भ्रमणप्रति सांसदहरुको प्रतिक्रिया भने मिश्रित आएको छ । नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले प्रधानमन्त्रीको चिन भ्रमणपछि दुई देशका बीचमा थप विश्वासको वातावरण सिर्जना भएको बताए ।

आइतबार प्रतिनिधि सभा बैठकपछि सञ्चारकर्मीहरुसँग संक्षिप्त कुराकानी गर्दै प्रमुख सचेतक लेखकले प्रधानमन्त्रीको चिन भ्रमणले दुई देशका बीचमा विश्वासको वातावरण थप गरेको बताएका हुन् । उनले प्रधानमन्त्रीको चीन भ्रमण उत्साहजनक भएको टिप्पणी गरे ।

उनले चीन भ्रमणका क्रममा नेपालको राष्ट्रिय स्वाभिमानलाई जोगाउँदै सोही आधारमा छलफल हुन सकेको बताए ।

बैठकले समानस्तरमा विश्वासको वातावरण निर्माण गरेको भन्दै प्रमुख सचेतक लेखकले बैठक कूटनीतिक रुपमा सफल भएको बताए ।

प्रमुख सचेतक लेखकले प्रधानमन्त्रीले विदेश भ्रमणबाट के ल्यायो भनेर मगन्तेको जस्तो कुरा गर्नु नहुने बताए । नेकपा एमालेका सांसद रघुजी पन्तले >>> पृष्ठ २ मा

# पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता

**काठमाडौं/मस**–नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिएको छ। निगमले आइतबार सूचना प्रकाशन गर्दै सरकारले दिएको निर्देशनअनुसार मूल्यवृद्धि गर्ने निर्णय आइतबारदेखि लागू हुने गरी फिर्ता गरिएको उल्लेख गरेको छ। आइतबारको मन्त्रिपरिषद् बैठकले निगमले शनिबारदेखि लागू हुने गरी पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि आसन्न चाडबाड र सर्वसाधारणको हितमा ध्यानमा राखी तत्काल फिर्ता लिन निर्देशन दिएको थियो। मूल्य स्थिरीकरण कोष तथा नेपाल सरकारबाट प्राप्त हुने रकमबाट समायोजन गर्ने गरी मूल्यवृद्धि गर्ने निर्णय फिर्ता लिइएको




निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिए।

निगमले शनिबार रातिदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर रु.दुई, डिजेल र मट्टितेलमा प्रतिलिटर रु.छ तथा खाना पकाउने ग्यासमा प्रतिसिलिण्डर रु.दुई सय १५ बढाउने निर्णय गरेको थियो। त्यस्तै हवाई इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुवैमा प्रतिलिटर रु.आठ बढाइएको थियो। मूल्यवृद्धिसँगै ग्यासको मूल्य प्रतिसिलिण्डर रु.दुई हजार एक सय १० पुगेको थियो।

## ट्राफिक सचेतना सप्ताह शुरु

# पाँच वर्षमा सडक दुर्घटनाबाट झण्डै १३ हजारको मृत्यु, ८० हजार घाइते

**काठमाडौं/मस**–सवारी व्यवस्थापन र दुर्घटना न्यूनीकरणमा सरोकारवाला तथा आमनागरिकको भूमिका र जिम्मेवारी बोध गराउने उद्देश्यले काठमाडौं महानगरपालिका र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको समन्वयमा आइतबारदेखि 'सडक सुरक्षा तथा ट्राफिक सचेतना सप्ताह(२०८० ' शुरु भएको छ।

सवारी चालक, सडक प्रयोगकर्तालगायत आमनागरिकलाई सडक सुरक्षा र दुर्घटना न्यूनीकरण सम्बन्धमा सुसूचित गराउने, सडक अनुशासन र सुरक्षित प्रयोगका सम्बन्धमा सचेत गराउने उद्देश्यका साथ सप्ताह शुरु गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले जानकारी दिए।

उपत्यका केन्द्रित बसाइसराइँ, सहरीकरणलगायतबाट भइरहेको जनसङ्ख्या वृद्धि, सवारी चाप, सवारी व्यवस्थापनमा प्रविधिको प्रयोगको कमी, फुटपाथ अतिक्रमण, सवारी नियम तथा ट्राफिक नियमसम्बन्धी ज्ञानको कमीलगायत कारणबाट काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन जटिल एवं चुनौतीपूर्ण बन्दै गइरहेको छ। अहिले पनि काठमाडौं उपत्यकाको सवारी व्यवस्थापन ट्राफिक प्रहरीको हातको इसाराको भरमा चल्दै आइरहेको छ। देशभरि ६३ लाख सवारी साधन दर्ता छन्। काठमाडौं उपत्यकामा मात्रै करिब १८ लाख सवारी साधन दर्ता भएको र करिब १४ लाख सवारी दैनिक सडकमा गुड्ने अनुमान गरिएको छ।

पछिल्लो पाँच वर्षमा देशभर १२ हजार आठ सयको सडक दुर्घटनामा मृत्यु भएको छ भने उपत्यकामा मात्रै हजारभन्दा बढीको मृत्यु भएको ट्राफिक प्रहरीको तथ्यांक छ। पाँच वर्षमा सडक दुर्घटनामा परी करिब ८० हजार घाइते भएका छन्।

गत आवमा सवारी दुर्घटनाबाट मुलुकभर दुई हजार आठ सय ८३, आव २०७८/७९ मा दुई हजार तीन सय ७६, आव २०७७/७८ मा दुई हजार पाँच सय, आव २०७६/७७ मा दुई हजार दुई सय ५१ र आव २०७५/७६ मा दुई हजार सात सय ८९ जनाको मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ। उपत्यकामा हाल एक हजार तीन १३ ट्राफिक दरबन्दी रहेको छ। दरबन्दीभन्दा बढी प्रहरीलाई ट्राफिक व्यवस्थापनमा खटाइएको प्रहरीले जनाएको छ। उपत्यकामा मात्रै एक हजार आठ सय २२ ट्राफिक सवारी व्यवस्थापनमा खटिइएका छन्।

काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन थुप्रै चुनौती आइपरेको उल्लेख गर्दै ट्राफिक प्रमुख पोखरेलले सडक संरचना व्यवस्थित हुन नसक्नु, सवारी साधन अत्यधिक वृद्धिलगायत कारणबाट सडक दुर्घटना बढेको बताए। उपत्यकामा बर्सेनी साना ठूला १० हजार बढी सडक दुर्घटना हुने गरेको छ। सो दुर्घटनामा परी करिब दुई सयको मृत्यु तथा आठ हजार बढी घाइते भएका छन्।

ट्राफिक प्रहरी प्रमुख पोखरेल विशेषगरी दुई पांग्रे सवारी सधानको चालकको असावधानी तथा लापरबाहीपूर्ण व्यवहार, मादक पदार्थ सेवन गरी सवारी चलाउने, लेन अनुशासन पालना नगर्ने, तीव्र गतिमा सवारी चलाउनेलगायत कारणबाट दुर्घटना बढेको बताउँछन्।

### पशुपतिको ..

गर्भगृहमा सुनको जलहरी राखिएको थियो। गएको असारमा अख्तियार अनुसन्धान दुरुपयोग आयोगले जलहरीमा प्रयोग भएको सुनको परिणाम परीक्षण गरेको थियो।

गत जेठ १० जेठ गते प्रतिनिधिसभामा नीति तथा कार्यक्रमबारे चलिरहेको बहसमा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले केपी ओली प्रधानमन्त्री भएका बेला अनेक भ्रष्टाचार भएको दावी गर्दै 'पशुपतिमा रहेको जलहरी सुनको हो कि पित्तलको ? भनी प्रश्न उठाएका थिए।

त्यो दिन उनको अभिव्यक्तिले कुनै विवाद सिर्जना नगरेपछि दुई दिनपछि एमाले सांसदहरूले प्रतिनिधिसभाको बैठक नै अवरुद्ध पारे। झुटो आक्षेप लगाइएको भन्दै उनीहरूले सम्बन्धित सांसदले क्षमा माग्नुपर्ने माग समेत गरे। पछि भने प्रमुख दलहरूको सहमतिमा सांसद दाहालको अभिव्यक्तिलाई प्रतिनिधिसभाको रेकर्डबाट हटाइयो र बैठक अघि बढ्यो।

त्यसलगत्तै १० असारमा अख्तियारको टोली पशुपतिनाथ मन्दिरमा पुगेर जलहरीमाथि अनुसन्धान गरेको थियो। त्यसक्रममा अख्तियारले कुनै प्रतिक्रिया दिएको थिएन, तर पशुपति क्षेत्र विकास कोषका पदाधिकारीहरूले १०८ किलो सुनमध्ये करिब आधा किलो मात्रै सुन कम भएको र दुई वर्षको फरकमा त्यो स्वाभाविक हुने भनी प्रतिक्रिया दिएका थिए।

अख्तियारले स्थलगत अध्ययन गरेको दुई सातापछि कोषका पदाधिकारीहरूले जलहरी निर्माणमा प्रयोग भएको टुक्रा र धुलो सुन संकलन गरेको भन्दै मुचुल्का सार्वजनिक गरेका थिए। त्यतिबेला उनीहरूले गरेको दावी अनुसार, संकलित धुलो र अरू टुक्रा गालेर हेर्दा ५३ तोला सुन भेटिएको भनी मुचुल्का भएको थियो।

### जाँचबुझ...

कार्यअवधि दिइएको छ। कार्यादेश अनुसार आयोगले सुन पैठारी, तस्करी नियन्त्रण गर्न सुझावसहितको प्रतिवेदन दिनेछ।

२ साउनमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट ब्रेक सुमा लुकाएर ल्याएको सुन सिनामंगलबाट बरामद गरिएको थियो। ब्रेक सुबाट निकालेर गाल्दा उक्त सुनको तौल करिब ६२ किलो पाइएको थियो।

उक्त घटनापछि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सुन तस्करी छानबिनका लागि उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै संसद अवरोध गर्दै आएको थियो।

६ भदौमा राष्ट्रिय मान्यताप्राप्त दलहरुको बैठकले सुन तस्करी प्रकरणमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो सीआईबी ले अनुसन्धान सकेर अभियोजन भइसकेपछि ५ असोजमा जाँचबुझ आयोग गठन गर्ने सहमति गरेको थियो।

तर दलहरुबीच आयोगको कार्यादेशको विषयमा विवाद हुँदा समयमा आयोग गठन हुन सकेको थिएन। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड अमेरिका र चीन भ्रमणबाट फर्केपछि आइतबार एमाले अध्यक्ष केपी शर्मा ओलीसँग छलफल भएको थियो।

उक्त छलफलपछि बसेको मन्त्रिपरिषद बैठकले आयोग गठन गरेको हो।

### संसदमा...

शिक्षा मन्त्री राइले सुवालको यस प्रश्नको जवाफ दिएनन्। सुवालको विरोधको सूचनालाई सभाले अस्वीकृत गरिदियो। त्यसपछि विधेयक सभामा पेश भएको हो।

अब अर्को कुनै बैठकमा विधेयकमाथि बिचार गरियो भन्ने प्रस्ताव प्रस्तुत हुनेछ। उक्त छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा सभामै छलफल हुनेछ। त्यसपछि सांसदहरुलाई संशोधनका लागि ७२ घण्टाको समय दिइन्छ।

यही बेला शिक्षकहरुसँग भएको सहमति सरकारको तर्फबाट स्वीकार हुने सहमति शिक्षकका प्रतिनिधिहरुसँग भएको छ। सभामा विधेयक अगाडि बढेसँगै शिक्षक महासंघका प्रतिनिधिहरुले राजनीतिक दलहरुसँगको भेटघाट समेत बढाएका छन्।

### नेपालप्रति...

अभिवृद्धि भएको प्रधानमन्त्री प्रचण्डको भनाइ छ। संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन भदौ ३० गते अमेरिका गएका प्रचण्ड उतैबाट असोज ५ गते चीन भ्रमणमा गएका थिए। चीन भ्रमणबाट शनिवार स्वदेश फर्किएका प्रचण्डले आइतबार नै संसदलाई आफनो भ्रमणबारे जानकारी गराएका हुन्।

संयुक्त राष्ट्रसंघमा पनि नेपाल यसपटक देखिने गरी प्रस्तुत भएको प्रधानमन्त्रीले बताएका छन्।

संयुक्त राष्ट्रसंघको महासभामा प्रधानमन्त्रीस्तरमा भएको सहभागिताबाट नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन संयुक्त राष्ट्र संघ र अन्तराष्ट्रिय समुदायको सद्भाव हासिल गर्न पनि भ्रमण फलदायी भएको प्रधानमन्त्रीले बताए।

नेपालमा द्वन्द्वबाट शान्तितर्फ रुपान्तरणको सफल उदाहरणलाई अन्तराष्ट्रिय समुदायले उचित मान्यता दिनुपर्ने, दिगो विकासका लक्ष्यहरुको कार्यान्वयन तथा जलवायु परिवर्तनका प्रभावहरुबारे नेपाल लगायत अति कम विकसित मुलुकहरुका चुनौति र तिनको सम्बोधनका लागि विश्व समुदायको ध्यानाकर्षण गराउन समेत नेपाल सफल भएको प्रधानमन्त्री प्रचण्डको भनाइ रहेको छ।

### सांसदहरूको...

प्रधानमन्त्रीको चिन भ्रमण धूमधामको गुमनाम भएको टिप्पणी गरे। आइतबार प्रतिनिधि सभा बैठकपछि सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै सांसद पन्तले प्रधानमन्त्रीले धूमधामसहित चीन भ्रमण गरेपनि उपलब्धिको हिसाबले गुमनाम भएको बताएका हुन्। उनले चीन भ्रमणका क्रममा उल्लेखनीय कुनै सहमति हुन नसकेको र पुराना सहमतिहरु पनि कार्यान्वयन हुन नसकेको बताए।

उनले बीआरआई परियोजना कार्यान्वयनको सम्बन्धमा पनि कुनै छलफल हुन नसक्नुले भ्रमण गुमनाम बनेको बताए।

सांसद पन्तले प्रधानमन्त्रीले फर्कनासाथ विमानस्थलमा भ्रमणको तयारीका कमी भएको अभिव्यक्ति दिएको उल्लेख गर्दै तयारीमा कमी हुँदाहुँदै किन भ्रमण गएको भन्ने प्रश्न समेत गरे।

Government of Nepal

**Ministry of Agriculture and Livestock Development**

**Food and Nutrition Security Enhancement Project**

**Project Cluster Unit, Saptari**

**Invitation for Bids Procurement of Wheat improved Seeds (50.55 MT)**

**Contract Identification No: NP-MOAD-377230-GO-RFB-SAPTARI-2324**

**Name of the Development Partner:** The World Bank

**GAFSP Grant No:** TF-A8013

**First date of Publication**: Oct. 02, 2023

Government of Nepal has received a grant from GAFSP through IDA towards the cost of **Food and Nutrition Security Enhancement Project (FANSEP)** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Procurement of Wheat improved Seed (50.55 MT) sharing the cost of 85% from PCU-Saptari & 15% from seed receiving productive farmer Groups.** Bidding is open to all eligible Bidders. For detail Bids Notice please visit: http://fansep.moald.gov.np or Office Notice Board. Interested bidder may get bid document from https://www.bolpatra.gov.np/egp/ by paying fee of Rs.3,000/- and bid must accompany bid security as mentioned in bid document.

**"Improved WHEAT IMPROVED seed distribution to farmers & farmers group-including transportation"**

| Wheat improved Seed Cultivar | Quantity (MT) | Bid Security Amount (Rs.) | Bid Security Validity Period | DHARAUTI Account No. | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| Banganga | 15 | 130,000.00 | 120 days from the opening date of bids | Ra. Ba. Bank Rajbiraj, DHARAUTI account No.-2180100102030000 of Ko.Le.Ni.Ka.- Rajbiraj (PCU-Saptari Office Code No.-312001502). | 01 Nov. 2023, 12:00 AM | 01 Nov. 2023, 01:00 PM |
| NL971 | 10 | | | | | |
| Gautam | 12 | | | | | |
| Vijay | 13.55 | | | | | |

**Chief, Project Cluster Unit, Saptari**
**Contact No. : 031-532371**

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८० साल असोज महिना १५ गते सोमबार)

यस विकास बैंक लि.को तपसिलमा उल्लेखित विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँबा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१. शाखा कार्यालय : बेनिघाट शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

नाम : **मन माया खान ठकुरी**
बाबुको नाम : मान बहादुर सेन ठकुरी
पतिको नाम : श्याम बहादुर खान
ससुराको नाम : छन्द बहादुर खान
स्थायी ठेगाना : धादिङ्ग जिल्ला जोगीमारा गा.वि.स. वडा नं. ९
हालको ठेगाना : धादिङ्ग जिल्ला बेनिघाट रोराङ गा.पा वडा नं. ९
ना.प्र.नं. : १००३९
जारी मिति र जिल्ला : २०६०/१०/०६, धादिङ्ग

**व्यक्तिगत धनजमानीहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **श्याम बहादुर खान**<br>बाबुको नाम : छन्द बहादुर खान<br>बाजेको नाम : सम्शेर बहादुर खान<br>स्थायी ठेगाना: धादिङ्ग जिल्ला जोगीमारा गाउँ पञ्चायत वडा नं. ९<br>हालको ठेगाना : धादिङ्ग जिल्ला बेनिघाट रोराङ गा.पा वडा नं. ९<br>ना.प्र.नं. : २/१९८८<br>जारी मिति र जिल्ला : २०४४/११/१९, धादिङ्ग | २. नाम : **सुजता खान ठकुरी**<br>बाबुको नाम : निम बहादुर मल्ल<br>पतिको नाम : गंगा बहादुर खान ठकुरी<br>ससुराको नाम : श्याम बहादुर खान<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला जोगीमारा गा.वि.स. वडा नं. ९<br>हालको ठेगाना : धादिङ्ग जिल्ला बेनिघाट रोराङ गा.पा वडा नं. ९<br>ना.प्र.नं. : २६-१०-७३-००४७८<br>जारी मिति र जिल्ला :२०७३/०५/३०, धादिङ्ग |

**२. शाखा कार्यालय : बेनिघाट शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

नाम : **हिकमदिन मिया**
बाबुको नाम : जुम्मदिन मिया
बाजेको नाम : करिमदिन मिया
स्थायी ठेगाना : धादिङ्ग जिल्ला बेनिघाट रोराङ्ग गा.पा. वडा नं. ५
हालको ठेगाना : गोरखा जिल्ला गण्डकी गा.पा. वडा नं. ८
ना.प्र.नं. : ७८८९
जारी मिति र जिल्ला :- २०५१/१२/२३, धादिङ्ग

**व्यक्तिगत धनजमानीहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **रसिंया मिया**<br>बाबुको नाम : यासीन मोहम्मद मिया<br>पतिको नाम : हिकमदिन मिया<br>ससुराको नाम : जुम्मदिन मिया<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला बेनिघाट गा.वि.स. वडा नं. ८<br>हालको ठेगाना : गोरखा जिल्ला गण्डकी गा.पा. वडा नं. ८<br>ना.प्र.नं. : २६३०३८/१६७<br>जारी मिति र जिल्ला : २०६३/१०/२०, धादिङ्ग | २. नाम : **कमला गुरुङ**<br>बाबुको नाम : बहादुर सिङ्ग गुरुङ<br>पतिको नाम : तेज बहादुर गुरुङ<br>ससुराको नाम : तिलक बहादुर गुरुङ<br>स्थायी ठेगाना : चितवन जिल्ला शिवनगर गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : गोरखा जिल्ला गण्डकी गा.पा. वडा नं. ८<br>ना.प्र.नं. : ३५३०२७/५७६<br>जारी मिति र जिल्ला : २०६३/११/२९, चितवन |

**३. शाखा कार्यालय : बेनिघाट शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

नाम : **शर्मिला घले**
बाबुको नाम : लाल मान तामाङ
पतिको नाम : राम बहादुर घले
ससुराको नाम : शुक्र बहादुर घले
ठेगाना : धादिङ्ग जिल्ला सिद्धलेक गा.पा वडा नं. ५
ना.प्र.नं. : २६-०१-७४-०५३६१
जारी मिति र जिल्ला : २०७४/०५/१४, धादिङ्ग

**व्यक्तिगत धनजमानीहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **राम बहादुर घले**<br>बाबुको नाम : शुक्र बहादुर घले<br>बाजेको नाम : हस्त बहादुर घले<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : धादिङ्ग जिल्ला सिद्धलेक गा.पा वडा नं. ५<br>ना.प्र.नं. : २६३०३४/४८<br>जारी मिति र जिल्ला : २०६३/१०/११, धादिङ्ग | २. नाम : **लक्ष्मी घले**<br>बाबुको नाम : खम्बा घले<br>पतिको नाम : पृथ बहादुर घले<br>ससुराको नाम : शुक्र बहादुर घले<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : धादिङ्ग जिल्ला सिद्धलेक गा.पा वडा नं. ५<br>ना.प्र.नं. : २६३०३४/३०<br>जारी मिति र जिल्ला : २०६२/१०/११, धादिङ्ग |

**४. शाखा कार्यालय : चन्द्रपुर शाखा** — **कर्जा शिर्षक : घर घडेरी कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीको विवरण |
|---|---|
| नाम : **शेख नाजामुल होदा**<br>बाबुको नाम : शेख तवारख<br>बाजेको नाम : शे. नुरुल होदा<br>स्थायी ठेगाना : रौतहट जिल्ला प्रतापपुरपल्टुवा गा.वि.स वडा.नं. ९<br>हालको ठेगाना : रौतहट जिल्ला गुजरा न.पा वडा.नं. ७<br>ना.प्र.नं. : ३२२०६१/२२५५<br>जारी मिति र जिल्ला : २०६९/१०/११, रौतहट | १. नाम : **खुशनेदा खातुन**<br>बाबुको नाम : शेख मजिद<br>पतिको नाम : शेख नाजामुल होदा<br>ससुराको नाम : शेख तवारख<br>स्थायी ठेगाना : रौतहट जिल्ला प्रतापपुरपल्टुवा गा.वि.स वडा नं. ९<br>हालको ठेगाना : रौतहट जिल्ला गुजरा.न.पा वडा.नं. ७<br>ना.प्र.नं. : ३२-०२-७६-०४८५२<br>जारी मिति र जिल्ला : २०७६/१०/१५, रौतहट |

**व्यक्तिगत धनजमानीहरुको विवरण**

| | |
|---|---|
| २. नाम : **खुसमुदा खातुन**<br>बाबुको नाम : शेख अनुल<br>पतिको नाम : शे. तवारख<br>ससुराको नाम : श. नुरुल होदा<br>स्थायी ठेगाना : रौतहट जिल्ला प्रतापपुरपल्टुवा गा.वि.स वडा नं. ९<br>हालको ठेगाना : रौतहट जिल्ला गुजरा.न.पा वडा.नं. ७<br>ना.प्र.नं. : ९०४<br>जारी मिति र जिल्ला : २०६०/०८/१६, रौतहट | ३. नाम : **से.तवारख**<br>बाबुको नाम : शे. नुरुल होदा<br>बाजेको नाम : शेख नथुनी<br>स्थायी ठेगाना : रौतहट जिल्ला प्र.पल्टुवा गा.वि.स. वडा.नं. ९<br>हालको ठेगाना : रौतहट जिल्ला गुजरा.न.पा वडा.नं. ७<br>ना.प्र.नं. : ९४१८<br>जारी मिति र जिल्ला : २०४५/०२/२९, रौतहट |
| ४. नाम : **शेख कमरुल होदा**<br>बाबुको नाम : शेख तबारख<br>बाजेको नाम : शे. नुरुल होदा<br>स्थायी ठेगाना : रौतहट जिल्ला प्रतापपुर पल्टुवा गा.वि.स. वडा.नं. ९<br>हालको ठेगाना : रौतहट जिल्ला गुजरा.न.पा वडा.नं. ७<br>ना.प्र.नं. : ३२२०६१/२२५६<br>जारी मिति र जिल्ला : २०६९/१०/११, रौतहट | ५. नाम : **शेख माजिद**<br>बाबुको नाम : शेख सहिद<br>बाजेको नाम : शेख फरजन<br>स्थायी ठेगाना : रौतहट जिल्ला प्रतापपुर पल्टुवा गा.वि.स वडा नं ९<br>हालको ठेगाना : रौतहट जिल्ला गुजरा.न.पा वडा.नं. ७<br>ना.प्र.नं. : १६४५/१४३<br>जारी मिति र जिल्ला : २०४६/०२/१७, रौतहट |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
**Central Office:** Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

**सिरहामा बस दुर्घटना**

# दुई जनाको मृत्यु, २७ घाइते

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १४ असोज



पूर्व पश्चिम राजमार्ग अन्तर्गत सिरहाको गोलबजार नगरपालिका ९ मारुति सिमेन्ट उद्योग अगाडि बस दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने अन्य २७ जना घाइते भएका छन् ।

घाइतेमध्ये तीनजनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । सप्तरीको राजविराजबाट जनकपुरतर्फ आउँदै गरेको ना ४ ख ७१८७ नम्बरको यात्रुबाहक बस दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा परी अन्य २७ जना घाइते भएका छन् भने ती मध्ये ३ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी ज्यान गुमाउनेमा जनकपुर उपमहानगर पालिका वडा नं.२० का ५० वर्षीय अनिल कुमार झा र मिर्चैया नगरपालिका वडा नं.२ बस्ने ४० वर्षीय राजकुमार सदाय रहेका छन् । सदायको शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल सिरहा र झाको शव लहान प्रादेशिक अस्पतालमा राखिएको छ। दुर्घटनामा घाइते सबैको गोलबजारस्थित विभिन्न अस्पतालहरूमा उपचार भइरहेको प्रहरीले जनाएको छ। गाडी र चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ।

# छात्रावासले निष्कासन गरेपछि सुसाइड नोट लेखेर किशोरी बेपत्ता



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १४ असोज

हुम्लामा एक किशोरी सुसाइड नोट लेखेर बेपत्ता भएकी छन् । सिमकोटसँग जोडिएको खार्पुनाथ गाउँपालिका वडा २ थाली घर भइ हाल नाम्खा गाउँपालिका वडा नं.४ महाबौद्ध माध्यामिक विद्यालय याल्बाङमा कक्षा १० मा अध्ययनरत १६ वर्षीया सुजाता रावल बेपत्ता भएकी हुन् ।

किशोरीलाई हिमालयन चिल्ड्रेन सोसाइटी छात्रावासले गाली गलौज गरेपछि बेपत्ता भएको आफन्तले बताएका छन् । सो छात्रावासका शिक्षक शिक्षिकाले किशोरीलाई विभिन्न गालीसँगै तनाव दिएर छात्राबासबाट असोज ७ गतेको निणर्यले बालिकालाई असोज ११ मा छात्रावासबाट निष्कासन गरिएको थियो ।

किशोरी सोही दिन सदरमुकाम सिमकोटमा रहेको आफ्ना दिदी भिनाजुको कोठामा पुगेकी थिइन् ।

किशोरीले असोज १३ गते आफुलाई छात्रावासले दिएको तनावका कारण अबदेखि यो संसारमा रहदिन भन्दै कोठाबाट सुसाइड नोट डायरीमा लखेर छोडेको उनका भिनाजुले बताए । किशोरीलाई खोजीदिन असोज १३ गते जिल्ला प्रहरी कार्यालय हुम्लामा उजुरी परेको छ ।

किशोरीले चलाउने मोबाइल फोन समेत जिल्ला प्रहरी कार्यालयमा पेश गरेको प्रहरीले जनाएको छ। बालिकाको खोजीका लागि एसएमएस, इनकमिङ र आउटिङ कल लगायतको विवरण उपलब्ध गराउन जिल्ला प्रहरी कार्यालयले हुम्ला जिल्ला अदालतलाई असोज १४ गते अनुमति माग्नुका साथै सोही दिन अदालतले आदेश समेत दिइ सकेको छ ।

# गलत बयान दिएको अभियोगमा मुद्दा दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी साक्षीका रुपमा गलत बयान दिएको अभियोगमा काठमाडौं गोकर्णेश्वर नगरपालिका बस्ने ज्ञानहरि लामाविरुद्ध विशेष अदालतमा आइतबार मुद्दा दायर गरेको छ ।

प्रतिवादी योगेन्द्र ढुंगेलविरुद्धको मुद्दामा सरकारी साक्षीको रुपमा रहेका लामाले गलत वकपत्र गरेको पाइएपछि आयोगले रु.एक लाख ५० हजार बराबरको बिगो दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

त्यस्तै आयोगले वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौंका नायबसुब्बा प्रमोद पाण्डे प्रतिवादी रहेको एक भ्रष्टाचारसम्बन्धी मुद्दामा पनि गलत बयान दिएको पाइएपछि आयोगले दैलेख नमौमुले गाउँपालिकाका देवबहादुर थापाविरुद्ध पनि विशेष अदालतमा मुद्दा दायर गरिएको छ। विशेष अदालतमा रहेको मुद्दामा सरकारी साक्षीका रुपमा पेश गरिएका थापाले गलत बयान दिएको आयोगको आरोप छ । आरोपीलाई कैद र रु.३० हजार बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरिएको प्रवक्ता भोला दाहालले जानकारी दिए ।

# भन्सार छलेर ल्याइएको ट्रकसहित सामान नियन्त्रणमा

**सिरहा/मस–** सिरहामा भन्सार छलेर ल्याइएको ट्रकसहित सामान राजस्व अनुसन्धान कार्यालयले नियन्त्रणमा लिएको छ । सिरहाको माडर भन्सार छलेर ल्याइएको लत्ताकपडा ट्रकमा राखेर लैजाँदै गर्दा ट्रकसहित राजस्व अनुसन्धान कार्यालय इटहरीको टोलीले नियन्त्रणमा लिएको हो ।

सिरहाको दक्षिणी सीमावर्ती बजार माडरबाट पूर्वपश्चिम राजमार्गको चोहर्वाचौकतर्फ जाँदै गरेको प्रदेश १-०२-००१ ख ९२३८ नम्बरको ट्रकलाई चोहर्वा चोक नजिकै नियन्त्रणमा लिइएको हो ।

टोलीले यसअघि आइतबार बिहान सिरहा नगरपालिका- १५ मा रहेको चन्द्रनारायण आधारभूत विद्यालय परिसरको बगैंचाबाट करिब ५० लाख रुपैयाँको लत्ताकपडा बरामद गरेको थियो ।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

प्रस्तुत विषयका सम्बन्धमा **बिबिध एड्भेन्चर्स प्रा.लि.** प्रा.लि. द्वारा **ललितपुर महानगरपालिका, वडा नं. १३, नख्खु** द्वारा ललितपुर जिल्ला, कोन्ज्योसोम गाउँपालिका-३, दलचोकीमा निर्माण तथा संचालन हुने प्रस्तावित बिबिध होटल प्रा. लि निर्माण तथा संचालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने सिलसिलामा **सार्वजनिक सुनुवाई कार्यक्रम** निम्न मिति, स्थान र समयमा आयोजना गरिने हुँदा स्थानीय बुद्धिजीवी, जनप्रतिनिधी, सरोकारवाला व्यक्तिहरु, लगायत विभिन्न संघ संस्थाहरुका प्रतिनिधि उपस्थित भई आफ्ना राय-सुझावहरु उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने**

**स्थान:** दलचोकी, होटल निर्माण स्थलको प्राङ्गण,
**मिति र समय:** २०८० साल असोज १९ गते शुक्रबार विहान ११ बजे

| प्रस्तावको संक्षिप्त विवरण | आयोजक | |
|---|---|---|
| | परामर्शदाता | प्रस्तावक |
| **नाम:** बिबिध होटल प्रा. लि.<br>**आयोजनाको कुल क्षेत्रफल:** कुल ३० रोपनी, ४ आना १ पैसा ०.६४५ दाम (१५,३५५.५२ वर्ग मि.)<br>**कुल कोठा संख्या:** ४१<br>**कुल शैया:** ६५<br>**कुल भवन संख्या:** १२ (मुख्य भवन-१, **रेष्टरेन्ट भवन:** १, कटेजहरु: १०)<br>**कित्ता नं:** ४२, ४३, ४४, ४७, ४९, ५० | ईन्भाईरोमेन्टल च्यालेन्ज कन्सल्ट प्रा. लि.<br>च.न.पा-५, काठमाण्डौ,<br>९८४९७७३८५५, ९८४९०२८३५१<br>challengesenvironmental@gmail.com | **प्रस्तावक:** बिबिध एड्भेन्चर्स प्रा.लि. ललितपुर महानगरपालिका, वडा नं. १३, नख्खु, ललितपुर जिल्ला, वागमती प्रदेश, **९८४१४१२०४४**<br>fun.dalchoki@gmail.com |


## MALAYSIA मा रोजगार

कम्पनी : VALIANT FORCE SDN. BHD.
शहर : Malaysia

पूर्व स्वीकृत मिति: २०८०/०६/१४ | चलानी नं.: ६०२०८५२४ | L.T. No.: 293352

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MANPOWER RECRUMENT NEPAL PVT. LTD
Panipokhari-3, Kathmandu, Tel : 01-4002748, 01-4002749
E-mail : info@manpowerrecuitmentnepal.com.np, Web : www.manpowerrecuitmentnepal.com.np
Govt. Lic. No.: 1131/073/074

## मलेशियामा रोजगार

MAHMOOD SECURITY (MALAYSIA) SERVICES SDN. BHD., JALAN

पूर्व स्वीकृती मिति: २०८०/०६/१४ | L T. No. 293343 | चलानी नं. ६०२०८५२१

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 48 | काममा दक्ष | 1500 | ४२,३४५।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | ८ दिन | छैन | छ | २ वर्ष | अन्तरवार्ता |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने र नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सामाजिक सुरक्षा कोष | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | नि:शुल्क | कामदार आफैले | कामदार आफैले | कामदार आफैले | नि:शुल्क | नि:शुल्क |

अर्न्तवार्ता मिति २०८०/०६/२२ गते (2023 October 9)

NAVAJEEVAN INTERNATIONAL PVT. LTD.
Lic. No.: 565/062/063
Tokha-11, Mahadevtar, Kathmandu, Nepal, Phone No.: 01-4954608, 9841160318

## KUWAIT मा रोजगार

कम्पनी : AL-MADAR AL MOTAMEDA COMPANY FOR DELIVER CONSUMER ORDERS
शहर: KUWAIT

पुर्व स्वीकृत मिति: २०८०/०२/३१ | चलानी नं.: ६०२०३११४ | L.T. No.: 287693 | पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 30 | 0 | स. काममा दक्ष | 140 | ६०,०६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel 01-4581383 | Mob.: 9702046184
Gov. Lic. No. 1422/074/075
E-mail: omamamanpower1422@gmail.com. URL : www.omamamanpower.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALFAISALYA FOR CLEANING BUILDING ROADS AND CITIES
शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/०६/१४ | चलानी नं.: ६०२०८५२५ | L.T. No.293395

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 50 | 50 | स. काममा दक्ष | 85 | ३६,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Index Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. १५४३/०७८/०७९
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443, Mobile: 9808682238
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: FUTURE SERVICES GENERAL TRADING & CONTRACTING CO.W.L.L.
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/०८/२८ | चलानी नं.: ६०१७०४५० | Lt. No.: 253782 | पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 200 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ७२,९३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labour Male | 100 | 0 | | 90 | ३८,६१४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Swift Gurkha International Pvt. Ltd.
Sarkari Dhara, Samakhusi, Kathmandu, Nepal
Govt. Lic. No: 559/062/063
Tel: +977-01-4950987, 4952128, 4989471.Fax: +977-01-4350534
E-mail: info@swiftgurkha.com, swiftgorkha@gmail.com/ web:www.swiftgurkha.com
Mobile: 9823726091 | 9846979613

## मलेसियामा रोजगार

कम्पनी: : PUBLIC RESTAURANT
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०८०/०६/१४ | चलानी नं.: ६०२०८५२३ | L.T. No.: 289757

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

YOUTH MANPOWER PVT. LTD.
Gov Lic. No. 757/064/065
Sinamangal-9, Kathmandu, Nepal, Tel: 977-1-4566755, Fax: 977-1-4566966
E-mail: info@youthmanpower.com, youthmanpower757@gmail.com
Mobile: 9813344450, 9809393801, 9809393802
Jhapa Branch 023591554 Mobile: 9801745554

## Cyprus मा महिला तथा पुरुषहरुलाई रोजगारको अवसर

१.कम्पनी: Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca

पूर्व स्वीकृती मिति २०७९।११।१९ | चलानी नं. ६०१९७५१० | LT.No. 282063 | पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook A | 01 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १,२६,४२३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook B | 01 | 0 | | 870 | १,२२,२१०।- | | | | | | | |
| 3 | Barmaid | 02 | 0 | | 800 | १,१२,३७६।- | | | | | | | |
| 4 | Chambermaid | 0 | 02 | | 700 | ९८,३२९।- | | | | | | | |

२.कम्पनी: Ero Christoforou Private Employment Agency., Cyprus, Paphos

पूर्व स्वीकृती मिति २०७९।०३।२८ | चलानी नं. ६०१८३१५५ | LT.No. 266974 | पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook A | 01 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | १,४०,४७०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 4 | Barmaid | 01 | 01 | | 800 | १,१२,३७६।- | | | | | | | |
| 6 | Chambermaid | 0 | 02 | | 700 | ९८,३२९।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | सि.नं. १ नं. कम्पनीको रु.३०,०००।- सि.नं. २ कम्पनीको रु.४०,०००।- |

अन्तर्वार्ता २०८० असोज २२ गते (9 Oct., 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Apps Services Pvt.Ltd.
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com



मध्यान्ह
www.madhyanhadaily.com
१५ असोज २०८०, सोमबार
2 October 2023, Monday

## सम्पादकीय

# सरकारप्रति सत्तारुढको (अ)विश्वास

**चर्को विरोधपछि सरकारले इन्धनको मूल्य बृद्धिको निर्णय फिर्ता लिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै अग्रसरता मूल्यबृद्धिको निर्णय फिर्ता भएको हो । सरकारले शनिबार इन्धनको मूल्यबृद्धि गर्ने निर्णय गरेको थियो । ठूला चाँडहरू नजिकिदै गएका बेला मूल्यबृद्धि गरिएको भन्दै सरकारको चर्को विरोध भयो । लगत्तै प्रधानमन्त्री प्रचण्डले आफूलाई जानकारी नगराई मूल्य बृद्धि गरिएको गुनासो गरेका थिए । त्यसपछि प्रधानमन्त्री प्रचण्डले मूल्य बृद्धिको निर्णय फिर्ता लिए । प्रधानमन्त्री प्रचण्डले यसअघि पनि यस्तै बक्तब्य दिएका थिए । आइतबार संघीय संसदमा दर्ता भएको माध्यमिक शिक्षा ऐन संशोधन गर्न बनेको विधेयक आफूलाई थाहा नदिइ सच्याइएको सार्वजनिक अभिव्यक्ति प्रधानमन्त्री प्रचण्डले दिएका थिए । मन्त्रिपरिषद् बैठकबाट पारित भएको निर्णय बदलिएको प्रधानमन्त्री प्रचण्डले बताएका थिए ।**

**तर प्रधानमन्त्रीलाई थाहै नदिई बदलिएको भनिएको विधेयकको पनि चर्को विरोध भयो । नीजि विद्यालय सञ्चालकहरूको आपत्तिपछि प्रधानमन्त्री प्रचण्डले आफूलाई जानकारी नदिइ विधेयकका प्रावधान बदलिएको बताएका थिए । तर प्रधानमन्त्री प्रचण्ड अमेरिका भ्रमणमा रहँदा उक्त विधेयकप्रति सामुदायिक विद्यालयका शिक्षकहरू सडक संघर्षमै उत्रिए । शिक्षकहरूसँग सम्झौतापछि विधेयक फेरि सच्याउने सरकारले निर्णय गरेको छ । शिक्षकहरूसँग पनि सरकारले दुई पटक सम्झौता गर्नु परेको थियो । किनकि स्थायी शिक्षकहरूसँग भएको सहमतिमा राहत शिक्षकहरूले चित्त बुझाएनन्, उनीहरू सडक आन्दोलनमै रहे । तर प्रधानमन्त्री स्वदेश फर्कनु अगाडि नै राहत शिक्षकहरूसँग पनि सरकारले सहमति गर्‍यो । प्रधानमन्त्री प्रचण्ड भने अमेरिकाबाट सिंधै चीन भ्रमणमा गए ।**


**अमेरिका र चीन गरी प्रधानमन्त्री दुई हप्ता देश बाहिर रहे । यति लामो समय कार्यकारी प्रमुख मुलुक बाहिर रहेकोमा पनि आपत्ति जनाइयो । आफूलाई थाहै नदिइ निर्णय हुने गरेको बेलाबेला सार्वजनिक बक्तव्य दिने प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारबारे सत्तारूढ नेताहरूकै चर्को असहमति देखिन्छ । नेकपा एकीकृत समाजवादीले बारम्बार सरकार छोड्ने चेतावनी दिइरहेका छन् । अर्का दल जनता समाजवादी पार्टीका नेताहरूले पनि चेतावनीयुक्त भाषा बोल्न छोडेका छैनन् । अरू सामाजिक संघसंस्थाहरूले पनि एकपछि अर्को विरोध जनाइरहेका छन् । यस्तै बेला प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसको एउटा खेमाका नेताहरूले पनि सरकार परिवर्तनबारे बारम्बार सार्वजनिक अभिव्यक्ति दिने गरेका छन् । आइतबार मात्रै महामन्त्री गगन थापाले कांग्रेसका मन्त्रीहरू सबै फिर्ता हुनुपर्ने बताए । यस्ता गतिविधिले सरकारप्रति विश्वासनीयता कमजोर बनिरहेको छ । जबकी मुलुकलाई यतिबेला विश्वासको बातावरण आवश्यक छ । अतः सत्ता साझेदार दलहरूले यसबारे गम्भीर भएर सोच्न आवश्यक छ । यदि सरकारकै विकल्पमा जाने हो भने त्यस्तो निर्णय तत्काल गर्न आवश्यक छ । होइन, असन्तुष्टि मात्रै जनाइरहने हो भने त्यसले मुलुकलाई थप समस्यातिर लैजाने देखिन्छ ।**

# धर्म र कम्युनिष्ट

अग्रलेख



● लोकनारायण सुवेदी



अरु दर्शनहरुले जस्तो संसारलाई बुझ्ने र व्याख्या गर्ने कुरामा मात्र मार्क्सवादले आफूँलाई सीमित राख्दैन, यस दर्शनले त संसारलाई आमूल परिवर्तन गरेर अग्रगामी सामाजिक रूपान्तरण गर्ने महत्वपूर्ण कुरामा सर्वाधिक जोड दिन्छ । ठीक यसै कारणले वास्तवमा अरु आफ्ना पूर्ववर्ती दर्शनहरुभन्दा मार्क्सवाद एकदमै भिन्न र विशिष्ट छ । वास्तवमा यो एउटा रचनात्मक सामाजिक विज्ञान हो । विश्वको बौद्धिक विकासको समुच्चा सम्पदाको सही अर्थमा सदुपयोग गरेर मार्क्सवादले यस्तो वैज्ञानिक सामाजिक सिद्धान्त र पद्धति मानव समाजलाई प्रदान गरेको छ, जसले सामाजिक शोषण, भेदभाव, अन्याय, असमानता, अन्धविश्वास र कुरीतिहरुलाई आमूलरूपमा बदलेर नयाँ मानव समाज निर्माणको मार्गदर्शन गर्दछ । यस प्रकार मानव समाजलाई मुक्ति, समानता र समुन्नतिका निमित्त यसले प्रष्ट दिशा निर्देश गर्दछ । अरु दर्शनहरु भन्दा यी नै कुरामा मार्क्सवाद फरक र विशिष्ट रहेको तथा ज्ञान र व्यवहारको सही विवेचना गर्ने विचार हो भन्ने बिद्वानहरुले औंल्याएका छन् ।

मार्क्सवाद अर्थात् मानव समाजप्रति जिम्मेवार मार्क्स र एंगेल्सका अत्यन्तै गहन र जिम्मेवारीपूर्ण रचनाहरु फ्रान्सेली समाजवाद, जर्मन दर्शन र भौतिकवाद तथा अग्रेजी अर्थशास्त्रको सही किसिमको संश्लेषण र विकास गरेर विकसित भएको हो । रचनात्मक विज्ञानकोरूपमा मार्क्सवादले वास्तवमा समस्त रचनात्मक चिन्तनलाई यसरी समन्वय गर्दछ । अनि यसरी शोषणमा आधारित विश्व सामाजिक व्यवस्थाको मात्र होइन, बरु त्यसलाई बदल्ने क्रान्तिकारी लक्ष्यलाई साकार तुल्याउने कारबाहीलाई समेत स्पष्टरूपमा पथ प्रदर्शन गर्दछ । आफ्नो यस्तो स्वभाविक प्रकृतिबाटै यसरी मार्क्सवाद भौतिक, रचनात्मक र द्वन्दात्मक स्वभावको सामाजिक सिद्धान्त हो भन्ने कुरा एकदमै प्रष्ट हुन्छ । अतः यो जडसुत्रवाद विरोधी छ । यो एउटा वस्तुगत यथार्थमा आधारित विश्व दृष्टिकोण हो, जसले सामाजिक मुक्तिको परिकल्पनालाई अंगिकार र मुक्तिकामी आदर्शलाई अभिव्यक्त गर्दछ । ऐतिहासिक स्थितिमा परिवर्तन ल्याउने विभिन्न प्रवृत्तिहरुलाई केलाउने र बुझ्ने यो एउटा प्रभावकारी र ठोस आधारमा खडा भएको सशक्त हतियार हो । यसले जनताका संघर्षहरुका कार्यक्रमगत लक्ष्यहरुको व्याख्या गर्दछ । अनि बदलिँदा ऐतिहासिक अवस्थाहरुको आवश्यकताअनुरूप यसले आवश्यक कुरालाई स्वीकार गर्ने र आत्मसात गर्ने क्षमता राख्दछ । यही नै यो सामाजिक विज्ञानको निरन्तरताको नियम हो ।

मानव जातिको प्रगतिको आधारमा एउटा रचनात्मक सामाजिक विज्ञानका नाताले यसरी मार्क्सवादले स्वयम्लाई समृद्ध पार्दछ । यस सन्दर्भमा मार्क्स र एंगेल्सले जे भनेका छन् ती कुराहरुलाई उल्लेख र रेखांकित गर्नु आवश्यक र सान्दर्भिक हुन्छ कि आजसम्मको सम्पूर्ण ज्ञानको इतिहासको सिलसिलामा धर्म विचारधाराकै एउटा सबैभन्दा प्रभूत्वशाली तत्व बनेर आएको छ । यसकारणले शोषक तथा शोषित वर्गबीचको संघर्षको अभिव्यक्ति पनि धार्मिकरूपमा समेत हुँदै आएको पाइन्छ । त्यसैले समाजमा आज पनि परिरहेको धर्मको प्रभावलाई बुझ्नु मार्क्सवादका लागि त्यत्तिकै प्रासांगिक हुन्छ, जति अन्य विचारधात्मक रूपहरुलाई बुझ्नु प्रासांगिक हुन्छ । यसका अतिरिक्त धर्मको सधैं नै एउटा मानतावादी अन्तरवस्तु रहने गरेको छ । यो कुरा स्वयम् मार्क्सले पनि स्वीकारेका छन् कि मानिसको हित हुने कुनै पनि कुरा उनका निमित्त पराई कुरा होइन र हुँदैन । यी नै महत्वपूर्ण कुराहरुलाई राम्ररी ध्यानमा राखेर समाजमा धर्मको भूमिका र यसबारे मार्क्सवादी अवधारणा बुझ्न र व्याख्या गर्न सरल र सजिलो हुन्छ ।

धर्मसम्बन्धि मार्क्सवादी धारणालाई लिएर निकै ठूलो बहस लामो समयदेखि निरन्तर चल्दै आएको छ । यस क्रममा मूलतः धर्मसम्बन्धी मार्क्सवादी अवधारणालाई जनसाधारणको सामान्य धारणा सन्दर्भबाट अलग गरेर र काटेर प्रस्तुत गर्ने गरिँदै आएको छ । त्यसको एउटा ठोस उदाहरण हो 'धर्म जनताको अफिम हो' भन्ने उद्धरण । साँचो र यथार्थ कुरा त के हो भने यस उदाहरणलाई मार्क्सवादका विरुद्ध दुरूपयोग गर्नेहरुले जानी बुझिकनै त्यसको पूरा सन्दर्भ नदिई आंशिकरूपमा त्यसलाई प्रस्तुत गर्ने गर्दै आएका छन् ।

वास्तवमा विश्वका महान दार्शनिक एवम् सिद्धान्तकार कार्ल मार्क्सले स्पष्टरूपमा के भनेका छन् भने "धार्मिक पीडा एकै पटक वास्तविक पीडाको पनि अभिव्यक्ति तथा वास्तविक पीडाको विरुद्ध विरोध प्रदर्शन पनि हो । धर्म उत्पीडित प्राणीको चित्कार (आह) हो । एउटा हृदयहीन संसारको हृदय हो, त्यसरी नै जसरी कुनै आत्मबिहीन स्थितिको त्यो आत्मा हो । त्यो जनताको अफिम हो ।" (हेगेलको अधिकारसम्बन्धि दर्शनको आलोचनामा योगदान)

धर्म यदि अफिमै हो भने पनि त्यो यस कारणले कि त्यसमा एउटा काल्पनिक

> *मार्क्सवादीहरुका लागि धर्म ती सामाजिक परिस्थितिहरुको उपज हो, जुन सामाजिक परिस्थितिमा मानिस रहेको हुन्छ र अहिले पनि रहिरहेको छ । धर्मको इतिहास एक अर्थमा मानवीय विकासको इतिहासको प्रतिविम्ब पनि हो । त्यसैले चेतनाका अन्य रुप जस्तै धर्म स्वतः सम्पूर्ण वस्तु होइन, वास्तविक संसारको नै प्रतिविम्ब हो ।*

संसारमा मानिसलाई लैजाने अद्भूत क्षमता हुन्छ, जस्तो व्यक्तिलाई लठ्ठ पार्ने क्षमता अफिममा हुन्छ । कुनै पनि उत्पीडितका लागि धर्मले एउटा काल्पनिक राहतको रूपमा पलायनको बाटो प्रस्तुत गर्दछ । त्यसको लागि एउटा हृदयहीन संसारमा हृदय, एउटा आत्माबिहीन स्थितिमा आत्मा जुटाइदिन्छ । ठीक यही कारणले धर्म त्यो अफिम हो, जसको जनताले स्वयम् आफूलाई भुल्याउनका निमित्त आवश्यकता पर्दछ र त्यसबेलासम्म आवश्यकता पर्दछ जबसम्म जनता यस्तो स्थितिमा फसेका हुन्छन् । जुन कुरा उनीहरुलाई आफ्नो ज्ञान र नियन्त्रणभन्दा बाहिरको हो भन्ने लाग्दछ । वास्तवमा एंगेल्सले त कतिसम्म लेखेका छन् भने सम्पूर्ण धर्म मानिसको दैनन्दिन जीन्दगीलाई नियन्त्रित गर्ने शक्तिहरुको मानिसहरुको मानसपटलमा बनेको काल्पनिक प्रतिबिम्ब बाहेक अरु केही होइन । -ड्यूहरिंग मत खण्डन)

वास्तवमा सारतः धर्मको मार्क्सवादी अवधारणा त्यसको समग्र दार्शनिक आधारसँग जोडिएको छ । मानिसको साँचो स्वतन्त्रता तथा मुक्ति के हो, यस सोझो र महत्वपूर्ण प्रश्नको उत्तरको खोजी गर्दै कार्ल मार्क्सले के विचार गरे भने क्रान्तिको हेगेलवादी विचारलाई छोडिदिनु पर्दछ । मार्क्सले हेगेलको त्यो विचारलाई परित्याग गरे र उनी बहुतै महत्वपूर्ण निष्कर्षमा पुगे । त्यो निष्कर्ष हो- मानिसको चेतना समाजिक स्थितिबाट निर्धारित हुन्छ, न कि त्यसको उल्टो, मानिसको चेनताले सामाजिक स्थिति बनाउँदछ । मानिसको चेतनाले उसको अस्तित्वको निर्धारण गर्दैन । त्यसको विपरीत मानिसको सामाजिक अस्तित्व नै उसको चेतनाको निर्धारक हो । (राजनीतिक अर्थशास्त्रको आलोचनाबाट)

यस प्रकार आधारभूत महत्वको निष्कर्ष निकाल्दै मार्क्स भन्दछन्- अधार्मिक आलोचनाको आधार हो : मानिसले धर्मको निर्माण गर्दछ । धर्मले मानिसलाई बनाउने होइन, अर्को शब्दमा, चिन्तन तथा त्यसबाट निस्कने बौद्धिक व्यवहारको दृष्टिबाट मानवीय चेतनाका अरु प्रत्येक अभिव्यक्तिहरु झैं नै धर्म पनि मानवीय समजिक अस्तित्वकै परिणाम हो न कि त्यसको (सामाजिक अस्तित्वको) कारण । यस अवधारणाले धर्मलाई कुनै स्वयम् वस्तुको रूपमा स्वीकार्दैन । धर्मलाई कुनै यस्तो वस्तु मान्दैन जुन इतिहासमा समाजको गति चालक शक्तिबाट स्वतन्त्र रहेको होस् । वस्तुतः ठीक यसै कारणले मार्क्सवादले कोपर्निकस तथा एकलव्यको उत्पीडनको दोष धर्ममाथि थोपर्दैन । त्यसले त ती सबै धार्मिक भाषामा अभिव्यक्त सामाजिक शक्तिहरु तथा आन्दोलनहरुको स्वभाविक अभिव्यक्तिकोरूपमा लिन्छ । किनकि सम्पूर्ण ज्ञात इतिहासमा धर्म विचारधाराको एउटा प्रभूत्वशाली तत्वको रूपमा रहेको छ । अनि जबसम्म यो विचारधाराको रूपमा बनिरहन्छ प्रगतिशील तथा प्रतिकृयावादी विचार शासक वर्गको निहीत स्वार्थ तथा शोषित वर्गका मागहरु सबै कुरा समानरूपले मानिसहरुको मानसपटलमा प्रतिबिम्बित भइरहनेछन् ।

मार्क्सवादले जहाँ सुफी, भक्ति आदि धार्मिक सुधार आन्दोलनहरुको सकारात्मक तथा प्रगतिशील अन्तरवस्तुलाई चिन्दछ, त्यहीं तिनीहरुको सीमालाई पनि रेखांकित गर्दछ कि कसरी कुन प्रकारका आन्दोलनले धर्मका सीमाभित्र सीमित भएर परिवर्तन ल्याउन सक्दैन, जबसम्म त्यो सामाजिक परिस्थितिमा परिवर्तन ल्याउन सकिँदैन, जुन कुनै खास धार्मिकरूपमा प्रभूत्वको स्थितिमा अभिव्यक्त भइरहेको हुन्छ, त्यसबेलासम्म त्यस खास धार्मिक रूप तथा त्यससँग जोडिएका उत्पीडनलाई समाप्त पार्न सकिने छैन । यसरी धार्मिक सुधार आन्दोलनको सकारात्मक अन्तरवस्तुलाई पहिचान गर्नुका साथसाथै मार्क्सवाद धर्मको इतिहासलाई पनि मानव सभ्यता तथा त्यसै अनुरूप मानव चिन्तनको विकासको सीमामा राख्न सफल र समर्थ भएको छ । प्रष्ट छ, यसरी धर्म कुनै अलौकिक वस्तु रहेको छैन ।

यस सम्बन्धमा एंगेल्सले प्रष्ट के भनेका छन् भने धर्म त्यस्तो प्रतिबिम्ब हो जसमा लौकिक शक्तिहरुले परलौकिक रूप लिन्छन् । अर्थात् परलौकिक शक्ति बन्दछन् । इतिहासको प्रारम्भमा यस्तो प्रतिबिम्ब प्रकृतिका शक्तिहरुको नै हुने गर्दथ्यो । हाम्रो आफ्नै सन्दर्भमा सूर्य, अग्नि, वायु, नाग आदिको मूर्ति पूजाको आदिम रूप देख्न र बुझ्न यसै प्रसंगमा सकिन्छ । बैदिक कर्मकाण्डहरु सारतः यज्ञमा आधारित छन् जुन अग्नि जगाउने कार्यको एउटा रूप नै हो । मार्क्सवादले इतिहासको वैज्ञानिक ढंगले विश्लेषण गर्दै महान सामाजिक संघर्षले धर्मको जटिल भूमिकालाई देख्न र बुझ्न सक्यो र इसाई धर्मको मूल ती जनआन्दोलनहरुमा पाइन्छ, जुन विद्रोह रोमन साम्राज्यको पतनपछि उठेको थियो । त्यसैगरी इस्लाम धर्मको उदयको सिलसिलामा मार्क्स र एंगेल्स 'बेदुइहरु' र 'नागर' जनका बीचका आन्तरिक संघर्षहरु र अबिशिनियाबाट अरब प्रायद्वीप मुक्त गराउने तथा लामो समयदेखि निष्क्रिय भएको व्यापारिक बाटो फेरि कब्जा गर्ने बढ्दो अरब जातीय चेतनालाई रेखांकित गरेका छन् । त्यसैगरी 'प्रोटेस्टान्ट' धार्मिक सुधार मतको उदयलाई पतनशील सामन्ती व्यवस्था र उदीयमान पुँजीपति वर्गबीच चलिरहेको जटील वर्ग संघर्षको अभिव्यक्तिको रूपमा हेरिएको थियो । प्रोटेस्टान्ट धर्मप्रतिको अमिटता उदीयमान पुँजीपति वर्गको अजेयतासँग गाँसिएको छ ।

मार्क्स र मार्क्सवादीहरुका लागि धर्म ती सामाजिक परिस्थितिहरुको उपज हो, जुन सामाजिक परिस्थितिमा मानिस रहेको हुन्छ र अहिले पनि रहिरहेको छ । धर्मको इतिहास एक अर्थमा मानवीय विकासको इतिहासको प्रतिविम्ब पनि हो । त्यसैले चेतनाका अन्य रूप झैं धर्म स्वतः सम्पूर्ण वस्तु होइन, वास्तविक संसारको नै प्रतिविम्ब हो । जबसम्म मानिसले प्रकृतिका शक्ति र सामाजिक शक्तिहरु जसले उनीहरुको दैनिक अस्तित्वलाई निर्धारण गर्दछन् तथा उनीहरुको भाग्यलाई सञ्चालन गर्दै रहेको देखिन्छ, जसलाई बुझ्दैनन् एउटा अलौकिक तथा संसार बाहिरको सत्ताको कल्पनाको आवश्यकता भइरहन्छ । यसरी धर्मले मानिसहरुको लागि राहत, सौन्दर्य र आश्वासनको यस्तो एउटा संसार बसाइदिन्छ जुन कुरा मानिसले आफ्नो वास्तविक जीवनमा प्राप्त गर्ने गर्दैन ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

'न्यारेटिव' अचम्मको छ । गरीबकै लागि भनेर हजारौं निर्दोषले ज्यान गुमाएको सशस्त्र द्वन्द्व, गरीबकै लागि समाजवाद उन्मुख संविधान, गरीबकै लागि संसारकै अद्वितीय भन्न मिल्ने सबै सुविधाको संवैधानिक अधिकार, गरिबी निवारणका लागि अर्बौंको बजेट, अब चाहिँ गरीबको मूल मुद्दा काठमाडौंको फुटपाथ !



**- कृतिका तिम्सिना**

दरबार हत्याकाण्डको दोषीलाई पत्ता लगाएर सजाय दिलाउन सकेको छैन र स्वर्गीय राजपरिवारको आत्माले शान्ति पाउन सकिरहेको छैन र पनि अझै 'राजा आउ देश बचाउ' भन्दै भाषण गरिरहेको देख्दा नरमाइलो लाग्छ । यस्तो भाषण गर्नुको सट्टा बरु कडा छानबिन गर्नुतर्फ लाग्नु नि ।



**- मोहना अन्सारी**

प्रतिपक्षी दलहरुले आजसम्म लालायित हुने खालको के काम गरेको छ ? प्रजातान्त्रिक अभ्यासमा प्रतिपक्ष एउटा सशक्त भूमिकामा आयो भने सत्तासिन दललाई जवाफदेही बनाउन सकिन्छ, जवाफदेही मात्रै होइन काम गर्न बाध्य बनाउन सकिन्छ । तर, प्रतिपक्षको भूमिका पनि सत्ता साझेदारीमा नै सिमित समितिहरुमा भागबण्डा !



**- च्वयन घिमिरे**

यो देशमा बस्नु मलाई छ, प्रणालीको बेथिति र भ्रष्टाचार सहनु र भोग्नु मलाई छ । तर मलाई कुन नेतालाई पत्या/नपत्या, कसलाई गाली गर/नगर, कसको खुट्टा ढोग/नढोग, कसको चाकरी गर भनेर सिकाऊन आउने चाहिँ बाउसँग अंश लिएर हुण्डीबाट विदेश पैसा पठाएर देश, परिवार र नागरिकता त्यागेका पलायनवादी हुन्छन् हौ !

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । भूमि लाभ हुने योग छ । |
| वृष | : | अनावश्यक यात्रा गर्नु हुँदैन । अनावश्यक विवादको योग छ । |
| मिथुन | : | पराक्रममा वृद्धिको योग छ । स्वास्थ्य कमजोर रहनेछ । |
| कर्कट | : | स्वास्थ्य राम्रो रहनेछ । सम्पत्तिमा वृद्धि हुने योग छ । |
| सिंह | : | धार्मिक कार्यहरुमा रुचि बढ्नेछ । सामान्य रुकावटले अशान्ति दिनेछ । |
| कन्या | : | बाहिरी सहयोगमा कमी आउनेछ । विवादमा परिने योग छ । |
| तुला | : | लेनदेनमा सावधानी राख्नुहोला । दैनिक कार्यमा प्रगति हुनेछ । |
| वृश्चिक | : | दिदी बहिनीहरुको सहयोग प्राप्त हुनेछ । व्यर्थको यात्रा र परेशानीको योग छ । |
| धनु | : | शुभकार्यमा बढी खर्च हुने देखिन्छ । भौतिक साधन उपलब्ध भइरहनेछ । |
| मकर | : | व्यापारिक लाभ हुनेछ । धैर्यसित कार्य गर्न राम्रो हुनेछ । |
| कुम्भ | : | सम्बन्धहरुमा सुधार आउनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ । |
| मीन | : | नौलो कार्य प्रारम्भ हुनेछ । सबैकार्यमा शक्ति लगाउनुपर्छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# पानी र खाद्य स्वच्छताको सवाल

विचार



● अनिस मिजार

मानिसको जीवन र खाद्य सुरक्षा तथा स्वच्छताका लागि पानीको सुरक्षा अनिवार्य शर्त हो । नेपालमा राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६ बनेको छ । तर, त्यसको कार्यान्वयनमा अझै समस्या छ । पानी र खाद्य स्वच्छताका लागि सरकारले विभिन्न नीति बनाए पनि कार्यान्वयनको तहमा कमजोरी देखिएको छ । संविधानमा मौलिक हकको कार्यान्वयनका लागि उपभोक्तालाई स्तरयुक्त खाद्यवस्तुको उपलब्धता सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । तर, राज्यको नीति कार्यान्वयन गर्ने सुनिश्चितताका लागि तीनै तहका सरकारले खाद्य स्वच्छता तथा गुणस्तर नियमन गर्ने कुरा प्रभावकारी बनाउन सकेका छैनन् । पछिल्लो समय खाद्य स्वच्छता तथा गुणस्तरमा आएको समस्याका कारण जनमानसमा पर्ने नकारात्मक असरले राष्ट्रिय अर्थतन्त्र र व्यापारमा समेत प्रभाव परेको छ । मानिसले प्रयोग गर्ने पानी, माछा, मासु, तरकारी र फलफूलगायतका खाद्य वस्तुको स्वच्छताको महत्वलाई प्राथमिकतामा राख्नु आवश्यक देखिन्छ ।

वैश्विक तिव्ररूपमा वृद्धि भइरहेको जनसंख्याका लागि दैनिक आवश्यकता पूर्ति गर्न खाद्यान्नको उत्पादन सोही अनुपातमा बढाउँदै लैजानु आवश्यक छ । तर, त्यस्तो अवस्था विस्तारै कमजोर बन्दै गएको छ । कपितय मुलुकमा खाद्यान्नको अभावका कारण नागरिकको जीवन बचाउन मुस्किल छ । हामीसँग विभिन्न देशमा प्रत्येक वर्ष भोकमरीबाट हजारौं मानिसले अकालमै ज्यान गुमाउनु परिरहेको तीतो यथार्थ छ । यथार्थमा, खाद्य सुरक्षा भनेको प्रत्येक व्यक्तिलाई आवश्यक पर्ने खाद्यान्नको व्यवस्था मिलाएर कसैले पनि खानेकुराको अभावमा भोकमरीको चपेटामा परेर ज्यान गुमाउनु नपर्ने अवस्था सिर्जना गर्नु हो ।

नेपाल सरकारको प्राथमिकतामा खाद्य सुरक्षा रहेको भन्ने तथ्यलाई नेपालको संविधानमा खाद्य सम्प्रभूताको व्यवस्था हुनुले प्रष्ट पारेको छ । खाद्य असुरक्षाको समस्या एक बहुआयामिक मुद्दा भएकाले समाधानका प्रयासमा पनि बहुपक्षीय संलग्नता आवश्यक हुन्छ । खाद्य सुरक्षाका कार्यक्रमहरू जिल्लाको सहभागिमूलक वार्षिक जिल्ला तथा गाउँ विकास योजना तर्जुमा प्रक्रियामा संयोजन गर्दै कार्यान्वयन गर्नुपर्छ । नेपालको संविधानको भाग ३, धारा ३६ ले प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक, खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट बच्ने हकका साथै प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभूताको हक हुनेबारे व्यवस्था गरेको छ । खाद्य सुरक्षाको सुनिश्चितताका लागि संविधानमा राखिएको हकले राज्यको प्राथमिकता बोध गराउँछ ।

गाँस, बास र कपास हरेक मानिसको नैसर्गिक अधिकार हो । न्यूनतम मानवीय आवश्यकताको अभावमा मानव जीवनको अस्तित्व नै रहन सक्दैन । मानिसले खाना, आवास, कपडा, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकता परिपूर्तिकै लागि प्राथमिकताका साथ काम गर्दछ । त्यसमध्ये पनि खाद्यवस्तुको आवश्यकता पूरा गर्न मानिसले शारीरिक र मानसिक शक्ति बढी खर्च गर्नुपर्दछ । 'पेट पाल्नकै लागि त काम गरेको हो ।' भन्ने सुक्तिबाट पनि स्पष्ट हुन्छ की खाद्यान्न मानिसको पहिलो आवश्यकता हो । खाद्यको अभावमा जीवन चल्न सम्भव हुँदैन ।

नेपाल संसारका ७६ राष्ट्रहरू मध्ये विश्वव्यापी भोकमरी सूचकाङ्कमा ४४औं गम्भीर स्थानमा पर्दछ । नेपालको मध्ये तथा सुदूरपश्चिमाञ्चल क्षेत्र सबैभन्दा तल्लो स्तरमा पर्दछन् । करिब ४१ प्रतिशत मानिसहरूले आवश्यक न्यूनतम आहारभन्दा कम उपभोग गरिरहेका छन् । नेपालमा ४१ प्रतिशत बालबालिकाहरू अझै पनि दीर्घ कुपोषणबाट पीडित छन् । खाद्य सुरक्षालाई मानवअधिकारको एक आधारभूत अंगको रूपमा लिइएको छ । नेपालको संविधान, २०७२ ले पनि खाद्य सम्प्रभुत्तालाई आधारभूत मानवअधिकारको मान्यता प्रदान गरेको छ । विश्व खाद्य सम्मेलन सन् १९९६ अनुसार प्रत्येक व्यक्तिको सधैं पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहनाअनुरूपको खानामाथि भौतिक तथा आर्थिक पहुँच भएमा मात्र खाद्य सुरक्षा भएको मान्न सकिने बताएको छ । सबै प्रदेश तथा स्थानीय तहमा पोषण स्थिति एवम् खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्न नियमन प्रणाली विकास तथा संस्थागत गर्ने रणनीति अवलम्वन गरिएको छ ।

नेपाल जनसंख्या र खाद्यान्न उत्पादनको तुलनात्मक अध्ययनअनुसार हालसम्म खाद्यान्न अभाव तथा भोकमरीको प्रकोपमा पर्ने अवस्थामा देखिँदैन । यद्यपि, उत्पादित खाद्यान्नको वितरण र बजार व्यवस्थापनमा धेरै कमजोरी छन् । कठिन भौगोलिक अवस्थिति र यातायातको कठिनाइले उत्पादित खाद्यान्न विकट ग्रामिण क्षेत्रसम्म समानुपातिकरूपमा वितरण भएको देखिँदैन । मनसुनमा आधारित कृषि प्रणाली रहेको नेपालमा जलवायु परिवर्तनका कारण समयानुकुल वर्षा नहुँदा कृषि उत्पादनमा उत्तारचढाव भइरहन्छ । जलवायु परिवर्तनका कारणबाट खाद्यान्न संकटको स्थिति पनि आउनसक्छ । तथापि, नेपालको बढ्दो जनसंख्याको अनुपातमा कृषि उत्पादन वृद्धि हुन नसक्नुले भविष्यमा भोकमरीको चपेटामा पर्नसक्ने सम्भावना प्रवल छ । खाद्य सुरक्षाका लागि सरकारले बेलैमा वातावरणीय प्रभावबाट मुक्त हुन योजनाहरु बनाएर अघि बढ्नुपर्छ । हालको स्थितिमा नेपालमा खाद्यान्नको आवश्यकता, उत्पादन स्थिति र सरकारले नेपाल खाद्य संस्थानमार्फत खाद्यान्न ढुवानी अनुदान दिई दुर्गम जिल्लाहरूमा वितरण गरिरहेकाले धेरै अभाव भएको देखिँदैन । सुगम जिल्लामा पनि नेपाल खाद्य संस्थाले आफ्नै स्रोतबाट खाद्यान्न वितरण गरेर निजी क्षेत्रबाट वृद्धि हुनसक्ने बजारमूल्य स्थिर राख्न गर्दै आएको योगदान सह्रानीय छ । खाद्यान्नको उत्पादन र वितरणमा सबै क्षेत्रबाट पुगेको योगदानबाट नेपालमा हालसम्म खाद्य आपूर्तिमा सन्तुलन कायम हुँदै आएको देखिन्छ ।

खाद्य स्वच्छतासम्बन्धी क्षमता अभिवृद्धि गर्न विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था र राष्ट्रहरूबाट केही सहयोग प्राप्त भइरहेको छ र भविष्यमा अझ बढ्नसक्ने सम्भावना जीवित हुँदा क्षमता वृद्धि गर्नु अहिलेको आवश्यकता हो । वर्तमान पन्ध्रौं योजना २०७६-२०८१ मा खाद्य सुरक्षा तथा पोषणअन्तर्गत खाद्य सम्प्रभूता, दिगो खाद्य तथा पोषण सुरक्षासहितको समाज निर्माण गर्ने सोच तथा स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुँचको वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ । यसलाई अब १६ औं योजनामा पनि निरन्तरता दिन आवश्यक छ ।

# ददिवल खड्काद्वारा एनआरएनएको सह–कोषाध्यक्षमा उम्मेदवारी घोषणा



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १४ असोज

गैरआवासीय नेपाली संघ( एनआरएनए)अन्तर्राष्ट्रिय समन्वय परिषद्को २०२३-२५ कार्यकालका लागि वर्तमान एसिया-प्रशान्त उपसंयोजक ददीवल खड्काले सह-कोषाध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन् । लगभग चार दशकदेखि जापानलाई आफ्नो कर्मथलो बनाएका खड्काले आफूले प्राप्त गरेको अनुभव, अग्रजहरूको आग्रह र साथीभाइको अनुरोधमा सह-कोषाध्यक्ष पदमा उम्मेदवारी दिन लागेका हुन् ।

एनआरएनए जापानको सल्लाहकार, आइसीसी सदस्य हुँदै अहिले एसिया प्यासिफिक उपसंयोजकका रूपमा रहेका खड्का म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका ६ घारमा जन्मिएका हुन् । मध्यान्हसँग कुरा गर्दै खड्काले आइसीसीभित्र भद्रगोल अवस्थामा चलिरहेको संघको आर्थिक प्रणालीलाई व्यवस्थित गर्नको लागि आफूले उम्मेदवारी दिएको बताए । सबैसँग मिलेर काम गर्न सक्ने र पाएको जिम्मेवारीलाई इमानदारितापूर्वक सम्पन्न गर्न सक्ने व्यक्तिका रूपमा खड्काले एनआरएनमा आफ्नो परिचय बनाएका छन् ।

स्वरोजगार, दोस्रो पुस्ताका एनआरएनहरूलाई नेपालसँग जोड्ने, सामूहिक लगानी, पुँजीको सदुपयोग, एनआरएनएमा युवाहरूको आकर्षण बढाउने, सुरक्षित र मर्यादित वैदेशिक रोजगार बनाउन पहल गर्ने, रोजगारको सिलसिलामा विदेश गएका नेपालीहरू र अध्ययनको सिलसिलामा गएका नेपालीहरूको समस्या समाधान गर्ने लगायतका उनको योजनालाई दीर्घकालीन रूपमा स्थापित गर्ने उनको संकल्प रहेका छन् ।

आफ्नै मेहनत र इमानदारिताले सफल व्यवसायिक व्यक्तिको रूपमा स्थापित खड्का जापानमा आफ्नो जीवनको यात्रा शुरु गर्दै गर्दा नेपालीलाई गाँस्ने कुनै संघसंस्थाहरू नै नभएको स्मरण गर्दै संघसंस्थामा छिरेर धेरैले गरेको राजनीति मन नपर्ने बताउँछन् । सिंगो जीवन जापानमै बिताएका खड्का सामाजिक संघसंस्थामार्फत आफूलाई चिनाउन चाहन्छन् ।

# बृहत् धार्मिक सभा सम्पन्न



**काठमाडौं/मस–** गोकर्णेश्वर ५ जोरपाटीमा एक बृहत् धार्मिक सभा सम्पन्न भएको छ । विश्व हिन्दु महासंघ सिन्धुपाल्चोक जिल्ला तथा नागरिक सरोकार केन्द्रले अयोजना गरेको सो सभा अभियन्ता जीवनलाल शर्माको सभापतित्वमा सम्पन्न भएको हो ।

पूर्वीय धर्म, संस्कतिका अध्येता धर्म गुरु अच्युतप्रसाद पौडेल, चिन्तनबाट हिन्दु धर्म, संस्कृति र संस्कार एवम् ॐ को प्रयोग र उपयोगबारे बृहत् कार्यपत्र प्रस्तुत गरिएको सो सभामा प्रमुख अतिथि विश्व हिन्दु महासंघ राष्टि्रय समितिका अध्यक्ष डा रामचन्द्र अधिकारीले कार्यपत्रमाथि टिप्पणी गर्दै हाम्रो भूमि सनातन धर्ममाथि कतैबाट प्रहार हुन नहुने र यसको संरक्षण गर्न आफैं सक्षम रहेको सन्देश दिएका थिए ।

आयोजकका तर्फबाट अभियन्ता दिलिप पौडेलले हरेक घरमा धर्म संस्कृतिको रक्षा र आचरण हुनुपर्ने बताए । नागरिक अगुवा भीमबहादुर पाण्डेले युवा जोस जाँगरले आफ्नो अस्तिव जोगाउनुपर्नेमा जोड दिए भने बौद्ध सञ्चार प्रा.लि.का अध्यक्ष एवम् नागरिक अगुवा कपिलमुनि उप्रेतीले सर्वधर्म, विश्व परिवेशको विश्लेषण गरे ।

राजन पुडासैनीले सञ्चालन गरेको सो कार्यक्रममा विश्व हिन्दु महासंघ सम्बद्ध प्रदेशस्तरका पदाधिकारी, काठमाडौं जिल्ला अध्यक्ष रेखा अर्याल, अनिता खरेल, दिनेश कट्टेललगायतका अभियन्ताहरुले हिन्दु धर्म, दर्शनको व्यापकताबारे आ-आफ्ना विचार व्यक्त गरेका थिए । अभियन्ता गुरु अच्युतप्रसाद पौडेल चिन्तनले हिन्दु धर्मका षोडश संस्कार र ॐ को व्यापकताबारे विस्तृत चर्चा गरे ।


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Sufi International Services Pvt.Ltd. इजाजत पत्र न. १४७०/०७४/०७५ मा निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | आरती थापा | ५०१०४०/३८६७६ | रिसेप्सनिष्ट |

Sufi International Services Pvt. Ltd.
Gov. Lic. No. 796/065/066
Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4469691, 4469692
E-mail: sufiintlpvt@gmail.com



**Government of Nepal (GoN)**
**Nepal Water Supply Corporation**
**Branch office Mahendranagar**

## सच्याइएको सूचना

**First date of Publication: 2080/06/15**

मिति २०८०/०६/१४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित Invitation for Bids को Contract ID: 01/NWSCMNR/WORKS/NCB/080/81 को Date of publication: 1st Oct 2023, Deadline for bid submission: 31st Oct, 2023, (12:00) र Bid opening 31st Oct 2023, (14:00) हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।



## साउदीमा रोजगार

कम्पनी: Establishment Al Madhaq Alamtanaghim For Meals
शहर: AL KHOBAR
पूर्व स्वीकृत मितिः २०८०/०६/१४ चलानी नं.: ६०२०८४९३ L.T. No.:293348

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com



## साउदीमा रोजगार

कम्पनी: SEMI SAHARA CONT. CO.
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४५६ L.T. No.: 293316

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload And Download Labor | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Worker | 7 | 0 | | 1000 | ३५,३५० | | | | | | | |
| 3. | Mason | 2 | 0 | | 1200 | ४२,४२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.
श्रम ईजाजत पत्र नं. ०९१/०५३/०५४
पि.ओ.बक्स: १११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: ०१-४५६६७३३, ०१-४५८५७३०
Mobile No: Mobile: 9801314441, 9801314442, 9801314443, 9801314445.
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np
Right People For Right Job At The Right Time



## साउदीमा वैदेशिक रोजगार अवसर

कम्पनी: HAMDAN FOUNDATION SOLVES MUNAWER AL-SHAMMARI TRANSPORT
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४६९ L.T. No.: 293237

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trailer Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SPEED CHANNELS GENERAL CONTRACTING EST.
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३९६३ L.T. No.: 278360 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hvac Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ निःशुल्क क.नं. २ रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Al Taaz International Pvt. Ltd.
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



## ओमनमा रोजगार

१. कम्पनी: ABU LAILA NATIONAL ENTERPRISES LLC
शहर: OMAN
पूर्व स्वीकृत मितिः २०८०/०६/१४ चलानी नं.: ६०२०८४८६ L.T. No.: 293214

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Public Buildings | 0 | 1 | सम्बन्धित काममा दक्ष | 140 | ४८३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dry Cleaning Worker | 0 | 2 | | 140 | ४८३६८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

अल-समित म्यानपावर प्रा. लि.
श्रम ईजाजत पत्र नं. ४१५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
ISO 9001 certified company
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com



## साउदीमा रोजगारको अवसर

कम्पनी: ROCK VISION CONTRACTING EST.
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४४२ L.T. No.:293296

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 1 | 0 | | 1000 | ३५,३५० | | | | | | | |

कम्पनी: MARSA SEAFOOD COMPANY
शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४४३ L.T. No.:293297

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: LEGEND GRILL RESTAURANT TO SERVE MEALS
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०६/१४ चलानी नं.: ६०२०८५०७ L.T. No.:293356

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 2 | 0 | | 1200 | ४२,४२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्सः ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np



## साउदीमा रोजगार

कम्पनी : ABDULLAH MOHAMMED AL KHAREEF TRANSPORT CORPORATION
शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४६७ LT. No.:293307

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा मिति २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Believable Overseas Pvt.ltd.
ईजाजत नं. १२८३/०७४/०७५
Maharajgunj , Chakrapath, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501



## साउदीमा रोजगार

कम्पनी: EASTERN INTERNATIONAL TRADING COMPANY
शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८०/०६/१४ चलानी नं.: ६०२०८४९४ L.T. No.:293350

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelving Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नः ०१–५३८२५९०
शाखा कार्यालयः सृजनाचोक, पोखरा । सम्पर्क :०६१–५७१५६३, ९८२९१४३८०१



## कतारमा रोजगारको अवसर

कम्पनी: TANIT TRADING & SERVICES & CONSULTING
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०३/१३ चलानी नं.: ६०२०३९८६ LT. No.: 288718 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 0 | 2 | | 1000 | ३६,३६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले दिने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.
श्रम ईजाजत नं. ४७०/०६०/६१
बसुन्धारा-३, काठमाडौ फोन नं: 014375767
Mob: 9844065129, 9851129355 Email: misnepal09@gmail.com



## साउदीमा रोजगारको अवसर

कम्पनी: ZAWAKHER GENERAL CONTRACTING EST
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०६/१४ चलानी नं.: ६०२०८४८० LT. No.:293223

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २२ गते (9 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
